अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)


गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ७ (गोदावरी) संख्या : १०१ मिति : २०८१/०४/२९

भाग-१

गोदावरी नगरपालिका

कार्यपालिका बैठकबाट पारित मितिः २०८१/०४/२७

प्रमाणिकरण मितिः २०८१/०४/२८


## गोदावरी नगरपालिकाको
## नगर शिक्षा पुरस्कार तथा सिकाइ उपलब्धि पुरस्कार सम्बन्धी कार्यविधि-२०८१

**प्रस्तावना**

गोदावरी नगरपालिका अन्तर्गतका विद्यालयहरुमा शैक्षिक सुधारको अभियानलाई सार्थकता दिन, विद्यालयहरुमा क्रियाशील शिक्षकहरुको काम र परिश्रमको उचित मूल्यांकन गरी पुरस्कारका माध्यमबाट उत्साह प्रदान गरी शैक्षिक संस्थाहरुलाई व्यवस्थित,उत्साहजनक,प्रतिस्पर्धी र नतिजामुखी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ उपदफा२ (ज) १५ को अधिकार प्रयोग गरी यो कार्यविधि निर्माण गरिएको छ।

## परिच्छेद -१ प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम 'गोदावरी नगर शिक्षा पुरस्कार तथा सिकाइ उपलब्धि पुरस्कार सम्बन्धी कार्यविधि-२०८१' रहेको छ। यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा-**

– 'नगरपालिका' भन्नाले गोदावरी नगरपालिका सम्झनु पर्दछ।

– 'शाखा' भन्नाले शिक्षा,युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।

– 'विद्यालय' भन्नाले गोदावरी नगरपालिका अन्तर्गतका सामुदायिक र संस्थागत विद्यालय सम्झनु पर्दछ।

– 'नगर शिक्षा पुरस्कार' भन्नाले गोदावरी नगरपालिकाले सञ्चालन गरेको आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षामा परिच्छेद २ को दफा १ अनुसार सबै भन्दा बढी अंक प्राप्त गर्ने सामुदायिक र संस्थागत तर्फका विद्यालयले पाउने पुरस्कारलाई सम्झनु पर्दछ।

– 'सिकाइ उपलब्धि पुरस्कार' भन्नाले कक्षा ८,१० र १२ मा अध्यापन गराउने विषय शिक्षकले आफूले अध्यापन गराउने विषयमा नगर भित्रका सम्बन्धित तहका विद्यालयहरुमा सबैभन्दा उच्चतम सिकाइ उपल्धिका आधारमा प्रदान गरिने पुरस्कारलाई सम्झनु पर्दछ।

– 'समिति' भन्नाले गोदावरी नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्दछ।

– 'व्यक्ति' भन्नाले विद्यालय शिक्षासंग सम्बन्धित प्रधानाध्यापक,शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा विद्यार्थी समेत सम्झनु पर्दछ।

## परिच्छेद- २ पुररस्कार तथा सम्मान पाउने विद्यालय र शिक्षक छनोटको मापदण्डः

### १. नगर शिक्षा पुरस्कार

क. नगर शिक्षा पुरस्कार आधारभूत तह (कक्षा ८) को वार्षिक परीक्षामा विद्यालयहरुले प्राप्त गरेको नतिजाको आधारमा नगर शिक्षा समितिले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ।

ख. नगरपालिकाबाट प्रदान गरिने नगर शिक्षा पुरस्कार पाउने विद्यालयको अन्तिम नामावली शाखाले कक्षा ८ को नगरस्तरीय परीक्षामा प्राप्त नतिजाको आधारमा देहाय बमोजिमको मापदण्ड अनुसार औषत अंक तयार गरी समितिमा पेश गर्नेछ।

| GPA | प्रति विद्यार्थी अंक |
|---|---|
| 3.6-4.0 | 5 |
| 3.2-3.6 | 4 |
| 2.8-3.2 | 3 |
| 2.4-2.8 | 2.5 |
| 2.0-2.4 | 2 |
| 1.6-2.0 | 1 |
| NG | -2 |

ग.	समितिमा पेश हुन आएका विद्यालयहरुमध्ये सबैभन्दा बढी औषत अंक प्राप्त गर्ने विद्यालयलाई नगर शिक्षा पुरस्कार दिने निर्णय गरिनेछ ।

घ. दुई वा दुई भन्दा बढी विद्यालयको अंक समान भएमा ती विद्यालयहरुको अघिल्लो वर्षको नतिजाको आधारमा पुरस्कृत गरिनेछ ।

ङ. नगर शिक्षा पुरस्कार लगातार एउटै विद्यालयले ३ पटक प्राप्त गरेमा उक्त विद्यालयका लागि नगरपालिकाले विशेष सहायता घोषणा गर्न सक्नेछ ।

च. नगरस्तरीय परीक्षामा  कम्तिमा ३० जना विद्यार्थीहरु सहभागी भएको विद्यालयलाई मात्र यो मूल्यांकनमा सहभागी गराइनेछ ।

**२.	सिकाइ उपलब्धि पुरस्कार**

क.	विद्यालय स्तरमा विषय शिक्षकहरुलाई प्रोत्साहित गरी मनोबल बढाउन कक्षा ८, १० र १२ को वार्षिक परीक्षाको विषयगत नतिजाको आधारमा सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरुलाई छुट्टाछुट्टै पुरस्कार प्रदान गरिनेछ ।

ख.	कक्षा ८, १० र १२ को विषयगत परीक्षाको नतिजामा नगरपालिका भित्रका विद्यालयहरु मध्ये सबैभन्दा उच्चतम सिकाइ उपलब्धि प्राप्त गर्ने विषयका शिक्षकलाई पुरस्कार प्रदान गरिनेछ ।

ग.	शिक्षकले अध्यापन गराएको विषयमा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धि स्तरको आधारमा पुरस्कार प्रदान गरिनेछ ।

घ.	कक्षा ८ र १० को सिकाइ उपलब्धि पुरस्कारको लागि नतिजा मुल्यांकनमा सहभागी हुन विद्यालयबाट विषयगत रुपमा वार्षिक परीक्षामा कम्तिमा ३० जना विद्यार्थी सहभागी हुनुपर्नेछ ।

ङ.	कक्षा १२ मा एक समान विषय समूह संचालन भएका कम्तिमा ३ वटा विद्यालय हुनुपर्नेछ ।

च.	कक्षा १२ को हकमा अनिवार्य विषयमा कम्तिमा २५ जना र ऐच्छिक विषयको हकमा कम्तिमा २० जना विद्यार्थी सहभागी भएको हुनुपर्नेछ ।

छ.	कक्षा १० र १२ मा अध्यापन गराउने विषय शिक्षकले आफ्नो अध्यापन गराउने विषयमा लगातार ३ वर्ष सम्म उत्कृष्ट सिकाइ उपलब्धि प्राप्त गर्न सफल भएमा निज शिक्षकलाई विशेष सम्मान गरिनेछ ।

ज.	कक्षा ८,१० र १२ को वार्षिक परीक्षामा विषयगत रुपमा सर्वोत्कृष्ट सिकाइ उपलब्धि प्राप्त गर्ने विद्यालयमा यदि एउटै विषयको एकभन्दा बढी समूह (सेक्सन) सञ्चालन भई फरक फरक शिक्षकले अध्यापन गराएको भएमा विद्यालयको कक्षा रुटिन, विद्यार्थी हाजिरी, र विद्यालयको सिफारिसको आधारमा मूल्याङ्कन गरी सर्वोत्कृष्ट सिकाइ उपलब्धि हाँसिल गराउन सफल विषय शिक्षकलाई सिकाइ उपलब्धि पुरस्कार प्रदान गरिनेछ ।

**परिच्छेद- ३ पुरस्कार तथा सम्मान सम्बन्धी अन्य व्यवस्थाः**

क.	परिच्छेद २ को खण्ड १ र २ मा उल्लेखित मापदण्डमा सहभागी नभएपनि विद्यालयको चौतर्फी विकासमा उल्लेख्य योगदान दिएको व्यक्तिलाई नगर शिक्षा समितिको निर्णय बमोजिम पुरस्कृत गर्न सकिनेछ ।

ख.	पुरस्कार तथा सम्मान नगरपालिका भित्र आयोजना गरिने कुनै सार्वजनिक समारोहमा प्रदान गरिनेछ ।

**आज्ञाले,**

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८१/०४/२९

